**नेपाल सरकार**
**राष्ट्रिय किसान आयोगमा**
**किसान संघ संगठन दर्ता, सूचीकृत तथा अध्यावधिक गर्ने सम्बन्धी सूचना ।**
**(प्रकाशित मिति-२०७७/०६/२५)**

राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३ को दफा ६(ठ) मा उल्लेख भए बमोजिम किसान संघ संगठनहरु (समूह, सहकारी, गैं.स.स वाहेक) को दर्ता, सूचीकृत तथा अध्यावधिक गर्नको लागी आबेदन माग भएकोले किसान संघ संगठन दर्ता कार्यविधि २०७४ को दफा ४ मा उल्लेख भएका तपशिल अनुसारका आवश्यक कागज प्रमाण सहित अनूसुचि १ को ढांचामा आयोगको कार्यालयमा कार्यालय समयभित्र दरखास्त आव्हानको लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

(क) प्रस्तावित किसान संघ/संगठनको प्रमाणित सक्कल विधान/विनियम-२ प्रति

(ख) किसानहरु भेला भई किसान संघ/संगठन गठन गर्ने निर्णय गरेको निर्णय पुस्तिकाको निर्णय प्रतिलिपी- थान १

(ग) किसान संघ/संगठन गठनमा आवद्ध पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी- थान १

(घ) किसान संघ/संगठनको कार्ययोजना

(ङ) किसान संघ/संगठनको दर्ता सम्वन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमूना सहितको सक्कल अधिकारपत्र

(च) आवेदन पत्रमा नयाँ किसान संघ/संगठनको हकमा प्रस्तावित किसान संघ/संगठनको तदर्थ समितिको अध्यक्षले र यो कार्यविधि जारी हुनु अगाडी देखी नै कृयाशिल किसान संघ/संगठनको हकमा किसान संघ/संगठनको अध्यक्ष, सभापति वा संयोजकले दस्तखत गरेको हुनु पर्दछ ।

(छ) यो कार्यविधि जारी हुनु भन्दा अगाडी नेपालमा कृयाशिल किसान संघ/संगठनहरुको दर्ताको हकमा माथी उल्लेखित बुंदाहरु (ख), (ग), (घ), (ङ) र (छ) बाहेकका अन्य प्रावधानहरु मात्र आवश्यक पर्ने छ ।

(ज) यस पूर्व आयोगमा दर्ता तथा सूचीकृत भई सकेका किसान संघ/संगठनहरुले आफ्नो विवरणहरु अध्यावधिक गराउनु हुन पनि यसै सूचना अनुसार जानकारी गराईन्छ ।

नोट-किसान संघ संगठन दर्ता सम्बन्धी आवश्यक निवेदनको ढांचाको लागी किसान संघ संगठन दर्ता कार्यविधि २०७४ को (अनूसूची १) आयोगको वेभसाईट www.nfc.gov.np बाट डाउनलोड गर्न सकिने तथा अन्य विस्तृत जानकारीको लागी सम्पर्क नं **०१५९०६१७६-, ५९०६१७८, ५९०६१७९, ५९०६१८०, ५९०६१८६, ५९०६१८२** मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

(विद्या पाण्डे)
सदस्य सचिव
राष्ट्रिय किसान आयोग कीर्तिपुर ,